**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पुर्तगालको राजकीय भ्रमणमा रहनुभएको राष्ट्रपति द्रौपदी मुर्मुले हिज लिस्बनमा आयोजित सिटी की अफ अनर समारोहमा भाग लिनुभयो।

- वित्तमन्त्री निर्मला सीतारमण ८ अप्रिल देखि १३ अप्रिलसम्मको युरोपको छ दिने औपचारिक भ्रमणको पहिलो चरणमा सोमबार हिज लन्डन आइपुग्नुभयो।

- रुसी प्रवक्ता दिमित्री पेस्कोभले अमेरिकाले ठूलो मात्रामा कर वृद्धि गरेकोमा आलोचना गर्नुभएको छ।

- प्रमुख ब्याजदर निर्धारण गर्ने भारतीय रिजर्भ बैंकको तीन दिवसीय द्विमासिक मौद्रिक नीति समीक्षा बैठक हिजदेखि मुम्बईमा सुरु भयो।

- पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले राज्यको स्कूलहरुमा 25,752 नियुक्तिलाई अमान्य गर्ने आफ्नु निर्णयमा सर्वोच्च न्यायालयमा समीक्षा याचिका दायर गरेको छ।

- आईपीएल ट्वेन्टी-ट्वेन्टी क्रिकेटमा हिज रॉयल चैलेंजर्स बैंगलुरूले मुंबई इंडियंसलाई 12 रनले पराजित गरे।

**<u>राष्ट्रपति लिस्बन</u>**

पुर्तगालको राजकीय भ्रमणमा रहनुभएको राष्ट्रपति द्रौपदी मुर्मुले हिज लिस्बनमा आयोजित सिटी की अफ अनर समारोहमा भाग लिनुभयो। लिस्बनका मेयर कार्लोस म्यानुएललाई उहाँको सम्मानमा शहरको चाबी प्रदान गर्न यो समारोह आयोजना गरिएको थियो। यो लिस्बन शहरले प्रदान गर्ने सर्वोच्च सम्मान हो।यस अवसरमा आफ्नो सम्बोधनमा राष्ट्रपतिले भारतीय नागरिकहरूले पुर्तगालको चौथो ठूलो समुदायको प्रतिनिधित्व गर्ने बताउनुभयो। राष्ट्रपतिले भारत र पुर्तगालबीचको सांस्कृतिक सम्बन्धको प्रभाव हाम्रो संस्कृति, सभ्यता र योग जस्ता विभिन्न क्षेत्रहरूमा देख्न सकिन्छ भनी बताउनुभयो। राष्ट्रपतिले २०४७ मा विकसित भारत निर्माण गर्न हामी वसुधैव कुटुम्बकमको भावनाका साथ दिगो संसारतर्फ अघि बढ्नेछौं र पोर्चुगल भारतको भरपर्दो साझेदार हो भनी बताउनुभयो।

****** ० ******

**<u>सितारमण-बेलायत भ्रमण</u>**

वित्तमन्त्री निर्मला सीतारमण ८ अप्रिल देखि १३ अप्रिलसम्मको युरोपको छ दिने औपचारिक भ्रमणको पहिलो चरणमा सोमबार हिज लन्डन आइपुग्नुभयो। वित्तमन्त्रीले अस्ट्रियाको पनि भ्रमण गर्नुहुनेछ। उहाँलाई हिथ्रो विमानस्थलमा बेलायतका लागि भारतीय उच्चायुक्त विक्रम दोराईस्वामीले स्वागत गर्नुभयो।  वित्तमन्त्रालयले एक सामाजिक सञ्जाल पोस्ट मार्फत श्रीमती सीतारमणको लन्डन आगमनको घोषणा गरेको छ।वित्तमन्त्रीले आज लन्डनस्थित भारतीय उच्चायोगमा लन्डन स्कूल अफ इकोनोमिक्ससँगको साझेदारीमा प्रत्यक्ष कुराकानी सत्रबाट आफ्नो भ्रमण सुरु गर्नुहुनेछ। भोलि, सुश्री सीतारमणले बेलायती अर्थमन्त्री चान्सलर राहेल रिभ्ससँग १३ औं चरणको मन्त्रीस्तरीय भारत-बेलायत आर्थिक तथा वित्तीय संवाद गर्नुहुनेछ|

****** ० ******

## सोनोवाल ग्रीन टग्स

केन्द्रीय बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले प्रस्तावित समुद्री विकास कोषले आर्थिक विकासमा सहयोग पुऱ्याउने बताउनुभएको छ।यस अन्तर्गत २५ हजार करोडको लगानी जुट्ने अपेक्षा गरिएको छ। २०३० सम्ममा देशको समुद्री क्षेत्रमा १ लाख पचास हजार करोड रुपैयाँ लगानी गरिनेछ।उहाँले भन्नुभयो- कोषले देशमा जहाज निर्माण, जहाज मर्मत, वित्तपोषण, पुनर्चक्रण, जहाज निर्माण क्लस्टरहरूको निर्माण र आन्तरिक जलमार्गहरूलाई प्रोत्साहन दिने अपेक्षा गरिएको छ।श्री सोनोवालले कोचीन शिपयार्डमा सरकारको ग्रीन टग ट्रान्जिसन कार्यक्रम अन्तर्गत निर्माण गरिने दुई ग्रीन टगहरूको स्टील काट्ने समारोहलाई सम्बोधन गर्दै यो कुरा बताउनुभएको थियो, जुन देशमा समुद्री सञ्चालनलाई डिकार्बोनाइज गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। श्री सोनोवालले समुद्री विकास कोषले हजारौं रोजगारीका अवसरहरू सिर्जना गर्ने, निजी क्षेत्रको सहभागिता बढाउने, विदेशी निर्भरता घटाउने र राष्ट्रिय समुद्री सुरक्षा बढाउने बताउनुभयो।उहाँले भन्नुभयो-समुद्री क्षेत्रलाई डिकार्बोनाइज गर्ने उद्देश्यले स्वच्छ प्रविधिहरू अपनाउने प्रयासको एक भागको रूपमा बन्दरगाहहरूमा अवस्थित टग फ्लीटलाई थप पर्यावरणमैत्री हरियो टगहरूले प्रतिस्थापन

****** ० ******

## रूस-अमेरिका कर वृद्धि

रुसी प्रवक्ता दिमित्री पेस्कोभले अमेरिकाले ठूलो मात्रामा कर वृद्धि गरेकोमा आलोचना गर्नुभएको छ। उहाँले अमेरिकाले विश्वव्यापी आर्थिक स्थिरतालाई कमजोर बनाएको आरोप लगाउनुभएको छ। पेस्कोभले दैनिक पत्रकार सम्मेलनमा रूसले वर्तमान अवस्थालाई निगरानी गरिरहेको छ। उहाँले अमेरिकाले कर वृद्धि गरेको कारणले गर्दा हालको अवस्था धेरै अस्थिर र भावनात्मक रूपमा तनावपूर्ण रहेको बताउनुभयो। श्री पेस्कोभ अनुसार अमेरिकाले धेरै देशहरूमा लगाएको शुल्कले विश्व बजारमा आर्थिक तनाव र निराशा सिर्जना गरेको छ।यसअघि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले अमेरिकाले अन्य देशहरूमा लगाएको पारस्परिक करले यी देशहरूलाई विकासको अधिकारबाट वञ्चित गरेको बताउनुभएको थियो ।

****** ० ******

## रिज़र्व बैंक-मौद्रिक समिति

प्रमुख ब्याजदर निर्धारण गर्न भारतीय रिजर्भ बैंकको तीन दिवसीय द्विमासिक मौद्रिक नीति समीक्षा बैठक हिजदेखि मुम्बईमा सुरु भयो। बैंकका गभर्नर संजय मल्होत्राको नेतृत्वमा रहेको छ सदस्यीय मौद्रिक नीति समितिको निर्णय बुधबार घोषणा गरिनेछ। यस वर्षको फेब्रुअरीमा समितिले रेपो दर २५ आधार बिन्दुले घटाएर ६.२५ प्रतिशतमा पुऱ्याएको थियो। यो मई २०२० पछिको पहिलो कटौती थियो र साढे दुई वर्ष पछि पहिलो संशोधन थियो। विश्वव्यापी आर्थिक अवरोधहरूको बढ्दो चिन्ताको बीचमा समितिले यस हप्ता २५ आधार बिन्दुको अर्को दर कटौतीको घोषणा गर्न सक्ने विज्ञहरू विश्वास गर्छन्।

****** ० ******

## शिवराज सिंह चौहान-नंदुरबार भ्रमण

केन्द्रीय कृषि, किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले हिज महाराष्ट्रको नन्दुरबार जिल्लामा कृषि ज्ञान विज्ञान मण्डपम र महिला प्रविधि पार्कको उद्घाटन गर्नुभयो। उहाँले यो केन्द्र उन्नत कृषिको आधार बन्ने र विकसित भारतको संकल्पलाई गति दिने विश्वास व्यक्त गर्नुभयो। नन्दुरबारको आफ्नो एक दिने भ्रमणको क्रममा, श्री चौहानले नन्दुरबारस्थित कृषि विज्ञान केन्द्रमा डा. हेडगेवार सेवा समितिद्वारा आयोजित कार्यक्रममा पनि भाग लिनुभयो। उहाँले गाउँलाई गरिबीमुक्त बनाउन विभिन्न सरकारी योजनाहरू मार्फत आत्मनिर्भर बनाउने प्रयास गरिने बताउनुभयो। श्री चौहानले हामीले नन्दुरबार जिल्लाको प्रत्येक गाउँलाई गरिबीमुक्त बनाउने प्रतिज्ञा गर्नुपर्छ भनि बताउनुभयो।रासायनिक मलले मानव स्वास्थ्यमा पार्ने असर सँगै माटोको उर्वरतामा पनि असर गरिरहेको उहाँले बताउनुभयो। श्री चौहानले प्राकृतिक खेतीलाई प्रवर्द्धन गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा राष्ट्रिय प्राकृतिक खेती मिशन सुरु गरिएको बताउनुभयो। उहाँले नन्दुरबार जिल्लाका केही गाउँहरूमा कृषि विज्ञान केन्द्रले प्राकृतिक खेतीको लागि तालिम प्रदान गर्ने र आवश्यक व्यवस्था गर्ने बताउनुभयो।

****** ० ******

**<u>पश्चिम बंगाल-स्कूल भर्ती घोटाला</u>**

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले राज्यको स्कूलहरुमा 25,752 नियुक्तिलाई अमान्य गर्ने आफ्नु निर्णयमा सर्वोच्च न्यायालयमा समीक्षा याचिका दायर गरेको छ। सर्वोच्च न्यायालयले हालैमा शिक्षण अनि गैर-शिक्षण नियुक्तिहरुमा पश्चिम बंगाल स्कूल सेवा आयोगको 2016 पैनललाई रद्द गरेको छ। बोर्डले याचिकामा शिक्षकहरुको नौकरी बहाल भएपछि शिक्षा प्रणाली प्रभावित भएको बताएको छ।

****** ० ******

**महाराष्ट्र- अपाङ्गता भएका व्यक्तिहरूको नीति**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगार नीतिसँगै अन्य कल्याणकारी पहलहरू पनि विचार गरिँदैछ भनी बताउनुभएको छ। श्री फडणवीसले भन्नुभयो- जिल्ला दिव्यांग भवनहरू स्थापना गरिनेछ जहाँ उनीहरूलाई सबै सुविधाहरू एकै ठाउँमा प्रदान गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको विभिन्न समस्याहरूको समीक्षा बैठकमा, श्री फडणवीसले भन्नुभयो- मुख्यमन्त्री माझी लडकी बहन योजना जस्तै, विशेष सहायता योजना अन्तर्गत दिइने आर्थिक सहायता प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत पठाइनेछ।उहाँले अपाङ्गता भएका व्यक्तिहरूको आवासको लागि पनि छुट्टै योजना बनाउनुपर्ने बताउनुभयो|मुख्यमन्त्रीले अपाङ्गता भएकाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन प्रदेश सरकारले प्रयास गरिरहेको पनि बताउनुभयो।

****** ० ******

**<u>मुंबई इंडिया ग्लोबल फोरम</u>**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिज भारत निष्पक्ष व्यापार अभ्यासहरू पालना गर्ने र व्यापारको लागि समान अवसर प्रदान गर्ने देशहरूसँग काम गर्न तयार रहेको बताउनुभएको छ। इन्डिया ग्लोबल फोरमलाई सम्बोधन गर्नुहुदै श्री गोयलले भारतीय कम्पनीहरू अत्यधिक सक्षम छन् र निष्पक्ष व्यापार अभ्यासहरू पालना गरिएमा राम्रो प्रदर्शन गर्न सक्ने बताउनुभयो।
श्री गोयलले चीनको वृद्धि अनुचित व्यापार अभ्यासमा आधारित रहेको बताउनुभयो। बहुपक्षीय व्यापार नियमहरूलाई प्रभाव पार्ने मोडेलहरूको बारेमा, श्री गोयलले लुकेका अनुदानहरू, श्रम अभ्यासहरू र क्षेत्रहरूलाई डिकार्बोनाइज गर्ने प्रयासहरू मुख्य समस्याहरू हुन् भनि बताउनुभयो। मुम्बईमा आयोजित FICCI को ९८ औं स्थापना दिवसलाई सम्बोधन गर्नुहुदै, श्री गोयलले उद्योग अभ्यासहरूलाई सुदृढ पार्ने भूमिकाको लागि संस्थाको प्रशंसा गर्नुभयो र सहकार्यलाई बढावा दिने, गुणस्तर बढाउने, आधुनिक र चुस्त दृष्टिकोण अपनाउने र विश्वव्यापी विकासहरूप्रति सचेत हुने महत्त्वमा जोड दिनुभयो। श्री गोयलले भारत र विश्वको उदीयमान मागहरू पूरा गर्न आत्मनिर्भरता, नवीनता र प्रतिस्पर्धात्मकतामा ध्यान केन्द्रित गर्न सरोकारवालाहरूलाई आह्वान गर्नुभयो।

****** ० ******

**<u>दुबई क्राउन प्रिंस</u>**

दुबई का क्राउन प्रिंस अनि संयुक्त अरब अमीरातका उपप्रधानमंत्री शेख हमदान बिन मोहम्मद अल मकतूम आफ्नु दुई दिवसीय भारत यात्रामा आज नई दिल्ली आउनुहुनेछ। क्राउन प्रिंसको रूपमा यो उनको भारतको पहिलो आधिकारिक यात्रा हो। यस अवधि उहाँलके विभिन्न मंत्रिहरु, शीर्ष अधिकारिहरु अनि उच्च स्तरका व्यापार प्रतिनिधिहरु सँग भेटघाट गर्नुहुनेछ ।

**<u>रात्रि आईपीएल क्रिकेट</u>**

आईपीएल ट्वेन्टी-ट्वेन्टी क्रिकेटमा हिज रॉयल चैलेंजर्स बैंगलुरूले मुंबई इंडियंसलाई 12 रनले पराजित गरे। मुंबईको वानखेडे स्टेडियममा मुंबई इंडियंसले टॉस जितेर पहिला बलिंग गर्ने निर्णय गरेका थिए। रॉयल चैलेंजर्सले पहिला ब्याटिंग गर्दै निर्धारित 20 ओवरमा 5 विकेट गुमाएर 221 रन बनाएका थिए। 222 रनको लक्ष्यको जवाबमा मुंबई इंडियंसले 20 ओवरमा 9 विकेट गुमेर 209 रन मात्र बनाउन सक्यो ।

****** ० ******